आज मिति २०८१ साल माघ ३० गते बुधबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ४० (चालीसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री कृष्ण गिरी

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

<u>निर्णयार्थ पेश भएका विषयहरु:</u>

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. पशु बिमा रकम भुक्तानी सम्बन्धमा।
३. आर्थिक वर्ष २०८०/०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (एफआरए) र संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (एलआईएसए) को मूल्यांकन गर्ने सम्बन्धमा।
४. पर्यटन सूचना केन्द्रमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा।
५. आर्थिक वर्ष २०८१/०८२ को लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन प्रकृया सम्बन्धमा।
६. तामाङ र नेपाल भाषा प्रयोग गर्ने सम्बन्धमा।
७. नमोबुद्ध नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (ONM Survey) गर्ने सम्बन्धमा।
८. संस्था दर्ता गर्ने सम्बन्धमा।
९. आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सरकार तथा बागमती प्रदेश सरकारलाई पठाउने समपुरक तथा विशेष अनुदानका योजनाहरुको सम्बन्धमा।
१०. शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने सम्बन्धमा।
११. औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा।
१२. वडा सचिवको दरबन्दी सम्बन्धमा।
१३. विविध।

<u>निर्णयहरु:</u>

<u>निर्णय नम्बर १:</u>

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

<u>निर्णय नम्बर २:</u>

नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक नगर विकास योजनामा उल्लेख सबै वडामा पशु बिमा कार्यक्रम अन्तर्गत आर्थिक विकास समितिको मिति २०८१/०५/०७ गतेको निर्णय र नमोबुद्ध नगरपालिका र युनाइटेड अजोड इन्सोरेन्स लिमिटेड बीच मिति २०८१/०५/१२ गतेको सम्झौता अनुसार युनाइटेड अजोड इन्सोरेन्स लिमिटेडले प.सं. २०८१/०८२, च.नं. २१९, मिति २०८१/०९/१६ गते नगरपालिकाले तोकेको वडाहरुमा पशुहरुको बिमा गरिसकेको हुँदा भुक्तानी पाउँ भनि निवेदन पेश गरेको र सो सन्दर्भमा आर्थिक विकास समितिको मिति २०८१/०९/१८ गते गरेको

निर्णयानुसार पशु बिमाको प्रिमियम बापतको रकम रु. २,२७,५७० (अक्षेरुपी दुई लाख सताईस हाजर पाँच सय सत्तरी) नियामानुसार भुक्तानी गर्ने।

निर्णय नम्बर ३:

स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी यसको लेखाजोखाको माध्यामबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्ने उदेश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि (एफ.आर.ए), २०७७ कार्यान्वयनमा ल्याए अनुसार सोहि प्रणालीमा उल्लेख भएका सूचकहरु र स्थानीय तहमा जवाफदेहीता, पारदर्शीता र प्रतिस्पर्धा प्रवर्द्धन गर्दै सुशासन कायम गर्ने उदेश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (एलआईएसए), २०७७ कार्यान्वयनमा ल्याए अनुसार सोही प्रणालीमा उल्लेख भएका सूचकहरुको आधारमा आर्थिक वर्ष २०८०/०८१ को लागि मूल्यांकन गरी प्राप्त अंक क्रमशः ८२ र ९४ सार्वजनिक गर्ने र सम्बन्धित निकायमा पठाउने।

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपालिकाको वडा नम्बर १ र ११ स्थित मा अवस्थित धार्मिक, एतिहासिक, पुरातात्विक, साँस्कृतिक एवं वातावरणीय महत्व बोकेको विश्व प्रसिद्ध तथा प्राचिन श्री नमोबुद्ध चैत्य र परिसरलाई लक्षित गरी Korea International Cooperation Agency (KOICA) र नमोबुद्ध नगरपालिकाको सहकार्यमा निर्माण गरिएको “नमोबुद्ध पर्यटक सूचना केन्द्र” लाई संचालन गर्नका लागि नियमानुसार कर्मचारी व्यवस्थापन गर्ने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत र छैठौं अधिवेशनबाट संशोधन भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन तपशिल बमोजिम गर्ने।

तपशिलः

क. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत र छैठौं अधिवेशनबाट संशोधन भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको हकमा देहाय बमोजिमको कार्ययोजना अनुसार कार्यान्वयन गर्ने।

देहायः

| क्र.म | विवरण | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन गर्ने अन्तिम मिति र अभिमूखिकरण कार्यक्रम | फाल्गुन मसान्तसम्म | |
| २ | योजना सम्झौता गर्ने अन्तिम मिति | चैत्र मसान्तसम्म | |
| ३ | कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति | जेष्ठ मसान्तसम्म | |

निर्णय नम्बर ६:

बागमती प्रदेश सरकारको प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० बमोजिम देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त तामाङ भाषाको लागि प्रयोग हुने लिपि र नेपाल भाषाको लागि प्रयोग हुने लिपिलाई नगरपालिकाको लेटरप्याड, बोर्ड लगायतका सम्बन्धित दस्तावेजहरुमा मिति २०८२/०१/०१ गतेबाट प्रयोगमा ल्याउने।

निर्णय नम्बर ७:

नमोबुद्ध नगरपालिका र मातहतका कार्यालयको संगठन संरचना तथा व्यवस्थापन सर्भे (ONM Survey) प्रतिवेदन तयार गर्ने प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निजिले तोकेको सदस्यहरु रहने समिति गठन गर्ने। सो कार्यलाई थप प्रभावकारी बनाउन र खटिने कर्मचारीलाई प्रोत्साहित गर्न एक महिना बराबरको तलबभत्ता थप गरी उपलब्ध गराउने।

निर्णय नम्बर ८:

नमोबुद्ध नगरपालिका ७ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८१/०८२, च.नं. ६३६, मिति २०८१/१०/०३ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री जगबैजेश्वर जीवनयोग प्रयोगशाला, नमोबुद्ध नगरपालिका ०७ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८१/०८२, च.नं. ६७३, मिति २०८१/१०/०९ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री विश्व स्वतन्त्र क्योकुशिन संगठन र नमोबुद्ध नगरपालिका ०४ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८१/०८२, च.नं. ६७४, मिति २०८१/१०/१४ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री मिलिजुली उद्यमी महिला समुह नियमानुसार दर्ता गर्ने।

निर्णय प्रमाणित

निर्णय नम्बर ९:

आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि यस नगरपालिकाको वार्षिक नगर विकास योजनामा समावेश गरी नियमानुसार आवश्यक बजेट विनियोजनका साथै कार्यान्वयन गर्ने प्रतिबद्धता गर्दै यस नगरपालिकाबाट तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने।

तपशिलः

क. समपुरक अनुदान तर्फः

| क्र.म. | आयोजना/ कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कुल अधिकतम लागत | आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन गरिने बजेट | नगरपालिका | संघीय सरकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | नौबिसे काक्रे सडक क्रमागत | वडा नम्बर ०७ | ७,००,००,००० (अक्षेरुपी सात करोड) | २,००,००,००० (अक्षेरुपी दुई करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | |

ख. विशेष अनुदान तर्फः

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कुल अधिकतम लागत | माग गरिएको बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्वास्थ्य संस्था सुदृधिकरण कार्यक्रम | नगर स्तरीय | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |
| २. | विपद् आपतकालीन संचालन केन्द्र स्थापना | नगर स्तरीय | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |
| ३. | उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यवसायिक तरकारी तथा फलफुल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रम क्रमागत | नगर स्तरीय | ९,००,००,००० (अक्षेरुपी नौ करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |
| ४. | एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण क्रमागत | नगर स्तरीय | १८,००,००,००० (अक्षेरुपी अठार करोड) | ८,००,००,००० (अक्षेरुपी आठ करोड) | |

आर्थिक वर्ष २०८२/०८३ का लागि बागमती प्रदेश सरकार समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि यस नगरपालिकाको वार्षिक नगर विकास योजनामा समावेश गरी नियमानुसार आवश्यक बजेट विनियोजनका साथै कार्यान्वयन गर्ने प्रतिबद्धता गर्दै यस नगरपालिकाबाट तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने।

तपशिलः

क. समपुरक अनुदान तर्फः

| क्र.म. | आयोजना/ कार्यक्रम को नाम | कार्यान्वयन हुने स्थान | कुल अधिकतम लागत | आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन गरिने बजेट | नगरपालिका | संघीय सरकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २० किलो-दाहालचौर सडक | वडा नम्बर ०३ | १०,००,००,००० (अक्षेरुपी दश करोड) | २,००,००,००० (अक्षेरुपी दुई करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | |
| २. | २ नम्बर वडा कार्यालय-सालथुम्की सडक | वडा नम्बर ०२ | १०,००,००,००० (अक्षेरुपी दश करोड) | २,००,००,००० (अक्षेरुपी दुई करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | |
| ३. | २६ किलो हुँदै कुलायनथान सडक | वडा नम्बर ०६ | १०,००,००,००० (अक्षेरुपी दश करोड) | २,००,००,००० (अक्षेरुपी दुई करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | १,००,००,००० (अक्षेरुपी एक करोड) | |

ख. विशेष अनुदान तर्फः

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कुल अधिकतम लागत | माग गरिएको बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | विपद् आपतकालीन संचालन केन्द्र स्थापना | नगर स्तरीय | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |
| २. | उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यवसायिक तरकारी तथा फलफुल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रम | नगर स्तरीय | ९,००,००,००० (अक्षेरुपी नौ करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्रमागत | | | | |
| ३. | स्वास्थ्य संस्था सुदृधिकरण कार्यक्रम | नगर स्तरीय | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | ३,००,००,००० (अक्षेरुपी तीन करोड) | |
| ४. | एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण क्रमागत | नगर स्तरीय | १८,००,००,००० (अक्षेरुपी अठार करोड) | ८,००,००,००० (अक्षेरुपी आठ करोड) | |

निर्णय नम्बर १०:

यस नमोबुद्ध नगरपालिका, वडा नम्बर ०३ भौगोलिक रुपमा पनि विकट रहेको हुँदा नागरिकहरुलाई सहज रुपमा स्वास्थ्यको पहुँच पुर्याउनका लागि चरुवा क्षेत्रमा शहरी स्वास्थ्य केन्द्रको स्थापना गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने।

निर्णय नम्बर ११:

नमोबुद्ध नगरपालिकालाई संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रम अन्तर्गत मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजारका दरले उपलब्ध गराइने रकम खर्च शिर्षकमा विनियोजन भएको रकमलाई स्थानीय तहको कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख भए अनुसार यस नगरपालिका भित्र गरिबी परिचय पत्र पूर्ण रुपमा वितरण नभएको र लागु नगरिएको हुँदा अर्को व्यवस्था नभए सम्मका लागि वडा कार्यालयबाट नियमानुसार सिफारिस भई आएका बिरामीहरुलाई उपलब्ध गराउने।

निर्णय नम्बर १२:

यस नमोबुद्ध नगरपालिकाको वडा कार्यालयमा वडा सचिवको पदमा कामकाज गर्नका लागि पाँचौ/छैठौं तहको दरबन्दी स्वीकृत गर्ने।